ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं. प्रदेश नेपाल
२०७३

आज मिति २०७५ साल पौष ०२ गते सोमबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री **विश्वनाथ निरौला**ज्यूको अध्यक्षता तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति :**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | जानुमाया राई |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी विक | |
| सदस्य | खड्गबहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| नायब सुब्बा | युवराज फुयल | |
| तिलक बहादुर निरौला | गाउँसभा सदस्य | |

ऐसेलुखर्क गाउँपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं.-१, राष्ट्रिय पुन निर्माण प्राधिकरणको अनुरोध सम्बन्धमा।

राष्ट्रिय पुन निर्माण प्राधिकरण निर्देशक समितीको मिती २०७६ भाद्र २१ गते बसेको बैठकको निर्णयानुसार किस्ता रकम लिएका र घर नबनाएका लाभग्राहीहरु ले २०७६ पौष १५ सम्ममा रकम फिर्ता गर्ने र ~~वडा कार्यालयमा~~ वास्तविक भुकम्पबाट घर क्षती भएको तर राहात नपाएका र गुनासो सुचीमा नरहेका लाभग्राहीहरुको लागि ०७६ पौष १५ सम्ममा वडा कार्यालयमा गुनासो फाराम संकलन गर्ने वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं.-२, राष्ट्रिय पुन निर्माण प्राधिकरणमा स्वास्थ्य संस्था निर्माण माग सम्बन्धमा।

यस गाउँपालिकामा मिति २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्प र त्यसपछिका परा-कम्पनका कारणले तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरु क्षती भएकोले पुनर्निर्माण कार्यको लागि जिल्ला आयोजना कार्यान्वयन इकाई खोटाङ मार्फत सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो।

तपसिल:-

१. स्वास्थ्य चौकी, जलेश्वरी
२. स्वास्थ्य चौकी, महेश्वरी
३. स्वास्थ्य चौकी, बाक्राचोल
४. स्वास्थ्य चौकी, मामपु
५. स्वास्थ्य चौकी, ज्यामिरे

निर्णय नं.-३, नेवार सामाजिक गुठीको निवेदन माग सम्बन्धमा।

भीमु नेवाः पुचः गाइघारमा संचालन हुने नाटक यात्रा प्रतियोगितामा भाग लिन जानको लागि नेपाः सामाजिक गुठी ऐसेलुखर्कबाट आर्थिक सहयोग माग भएकोमा गाउँपालिकाको विविध शीर्षक बाट

यातायात खर्च बापत रु. ४०,०००।- (चालिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-४, खेलकुद शीर्षकमा विनियोजन रकम बाँडफाँड सम्बन्धमा ।

यस गाउँपालिकाको चालु आ.व. ०७८/०७९ मा विनियोजित खेलकुद शीर्षकको रकम रु १५,००,०००।- (पन्ध्र लाख) मध्ये प्रत्येक वडामा खेलकुद सञ्चालन गर्न प्रति वडा १ लाख वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनको लागि ७ (सात लाख), गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनको लागि ५ लाख खेल व्यवस्थापनको लागि १ (एक) लाख गरी १३ लाख र बाँकी रु. २ लाख तपसिल बमोजिमको कार्य विवरण र कार्यक्रम अनुसार खेलमा सहभागी हुँदा तपसिल बमोजिमको ~~~~ मापदण्ड अनुसार तपसिल बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :-

१. वडा कार्यालय र गाउँपालिकाले छनौट गरी पठाएको खेलाडी मात्र कुनै पनि खेलमा सहभागी हुन पाउने ।
२. सम्बन्धित आयोजक संस्थाको निमन्त्रणा विना खेलकुदमा सहभागी हुन नपाउने ।
३. खोटाङ ~~जिल्ला~~, ओखलढुंगा, सोलुखुम्बु जिल्ला मा सहभागी हुन जाँदा ~~प्रतियोगिता~~ प्रति प्रतियोगिता रु १०,०००।- (दश हजार) भुक्तानी दिने ।
४. माथि उल्लेख भए बाहेक जिल्लामा सहभागी हुन जाँदा प्रति प्रतियोगिता रु २०,०००।- (बिस हजार मात्र) भुक्तानी दिने ।

निर्णय नं. ५, [illegible] आर्थिक सहायता सम्बन्धमा ।

यस गाउँपालिका क्षेत्र भित्र आकस्मिक रूपमा मृत्यु-वरण गरेका मृतकका परिवारहरूको न्यून आयस्रोत आर्थिक अवस्था भएमा गाउँपालिका क्षेत्र बाट सदर-मुकाम सम्म शव पोस्टमार्टम गर्न लाग्ने खर्च अवस्था भएमा प्रति मृतक रु १०,०००।- (दश हजार) मात्र विपद व्यवस्थापन कोषबाट भुक्तानी भराउने दिने निर्णय गरियो ।

निर्णय नं. ६, जनजाती शीर्षकमा विनियोजित रकम सम्बन्धमा

यस गाउँपालिकाको आ.व. ०७५/०७६ मा विनियोजन भएको जनजाती शीर्षकको रकम रु ४,००,०००।- (चार लाख) प्रती वडा १ (एक) लाखको दरले प्रत्येक वडामा रहेका सबै प्रकारका जनजातिको लोपउन्मुख भाषा, धर्म, संस्कृती संरक्षण र भौतिक निर्माण लगायत कार्यमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.-७, एक्साभेटरको करचुक्ताको प्रमाण पेश गर्न म्याद थप सम्बन्धमा ।

यस गाउँपालिका क्षेत्रमा भौतिक निर्माण लगायत कार्यमा एक्साभेटर प्रयोग गर्दा करचुक्ता, फर्म दर्ता लगायत कागजात सहितको प्रमाणहरु पेश गर्न सूचना प्रकाशन भए पश्चात प्राप्त भएका निवेदनहरुमा अपुग कागजात २०७५।३।१० गते कार्यालय समय सम्ममा पेश गर्न र सो समय सीमा भित्र तोकिएका कागजात प्राप्त नभएमा तोकिएका कागजात नभएका एक्साभेटर प्रयोगमा रोक लगाउने र सो को जानकारी सबै वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं०- ८ सार्वजनिक सुनुवाई र गाउँसभा सम्बन्धमा

चालु आ.व. ०७५।०७६ को प्रथम चौमासिकको सार्व-जनिक सुनुवाई २०७५।पौष १८ गते गर्ने र पौष १६ गते गाउँसभा बस्ने साथै पौष १० गते सम्ममा सबै वडा कार्यालयको सार्वजनिक सुनुवाई सम्पन्न गर्ने निर्णय गरियो।